REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 01.06.2025

CM-IRBn: Bishnu Neupane/Namo Dixit

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज सिक्किम राज्यको पचासौँ गौरवशाली वर्षको ऐतिहासिक अवसरमा नाम्चीको मङ्गलेमा सिक्किम पुलिसद्वारा आयोजित एकीकृत सांस्कृतिक कार्यक्रमलाई सम्बोधन गर्दै, सिक्किम सरकारले लागू औषध दुरुपयोगविरुद्ध कठोर नीति अपनाएको र कुनै कर्मचारी तथा पुलिस प्रसाशनमा रहेका कर्मचारीहरूको संलग्नता पाइएमा नियमअनुसार तुरुन्तै कार्बाही गरिने बताउनुभयो। साथै, उहाँले सिक्किम पुलिस र कर्मचारीहरू पनि लागू औषध दुरुपयोगमा संलग्न रहेको जानकारी सरकारलाई प्राप्त भएको उल्लेख गर्दै, अब त्यस्ता कर्मचारीविरुद्ध सरकारले शून्य सहनशीलता नीति अप्नाउने चेताउनी दिनुभयो। उहाँले अब आफ्नो भनेर कसैलाई नच्याप्ने सरकारको अडान पनि प्रष्ट पार्नुभयो। साथै, उहाँले प्रधानमन्त्रीको सिक्किम भ्रमणमा कुनै विस्मात नरहेको र प्रधानमन्त्रीले आगामी आक्टोबर-नोभेम्बरमा पुनः सिक्किम भ्रमण गर्ने बताउनुभएको र अबको भ्रमण क्षणिक नभई सिक्किमवासीसित पुरै एक दिन बिताउने गरी आयोजन गरिने जानकारी दिनुभयो। श्री तामाङले राज्य दिवसको पचासौँ वर्षगाँठको अवसरमा सिक्किम पुलिसको सशस्त्र बलले आयोजन गरेको एकीकृत सांस्कृतिक कार्यक्रमको सरहना गर्दै, राज्य र राष्ट्रकाप्रतिको निस्वार्थ सेवा र समर्पणका लागि पुलिस महानिर्देशकदेखि लिएर जवानहरूप्रति आभार व्यक्त गर्नुभयो। उहाँले पुलिस बलको साहस हाम्रो शान्तिको मेरुदण्ड अनि राज्यवासी र देशवासीको सुरक्षाको आधार हो भन्दै सराहान गर्नुभयो। उहाँले भन्नुभयो, सिक्किमले राज्य दिवस मात्र पालन गरिरहेको छैन, तर समृद्ध र सामर्थ सिक्किमको निर्माणमा माइलखुट्टी बनेर काम गरिरहेको छ।

SIKKIM FLOOD: NSD/Wangchuk Bhutia

पहिरोका कारण मङ्गन जिल्लाका धेरै ठाउँमा सडक सम्पर्क अवरुद्ध भएको छ। आधिकारिक स्रोतका अनुसार लाचेन र लाचुङमा लगभग पन्ध्र सय पर्यटक फसेका छन्। विभिन्न निकायद्वारा पुनर्स्थापना कार्य युद्धस्तरमा भइरहेको छ। वर्षाका कारण मङ्गन जिल्लाका केही ठाउँमा टिस्टा नदी पनि उर्लिरहेको छ। यसैबीच, चुङथाङमा हराइरहेका नौ पर्यटकहरूको खोजी गर्ने प्रयास जारी छ। प्राप्त थप जानकारीअनुसार, मङ्गन र चुङथाङ जोड्ने फिदाङ बेली ब्रिजमा आंशिक क्षति पुगेकाले र टिस्टा नदीमा पानीको बहाव बढ्दै गएकाले मर्मतका लागि सवारी साधनको आवागमन रोकिएको छ। उर्लँदो नदीले चुङथाङ बाँध परियोजनाको गुणस्तर नियन्त्रण प्रयोगशाला बगाएको छ। शिपगेरमा पहिरो पुनर्स्थापना प्रयासहरूलाई अर्को पहिरो गाएकाले बाधा पुगेको छ, जसले गर्दा आज अलपत्र पर्यटकहरूको उद्धार कार्य रोकियो। मङ्गनका एसपी-का अनुसार, पर्यटकहरूलाई भोलि उद्धार गर्न सकिने सम्भवना छ। यसैबीच, टिस्टा नदीको बहाव बढ्दै जाँदा साङकालाङको पुलले आफ्नो आधार संरचना गुमाएको छ र यो सार्वजनिक प्रयोगका लागि असुरक्षित बनेको छ। भारी मनसुनी वर्षाले गर्दा नदीको धार बढिरहेको छ। यसबीच, सम्बन्धित प्रयासका रूपमा कबीका महकुमा अधिकारीले काबी क्षेत्र-अन्तर्गत लोअर तानेक र डिक्चु नयाँ बजारमा प्रभावित क्षेत्रहरूको भ्रमण गर्नुभएको छ।

## Minister Samdup-Appeal: Sikkim News 24

समाज कल्याण विभागका मन्त्री सम्दुप लेप्चाले सिक्किमवासीलाई, विशेष गरी उत्तर सिक्किमका जनतालाई भारी वर्षाको समयमा बिजुलीका तार र पोलहरूबाट सुरक्षित दूरी राख्न, यात्रा गर्नअघि ट्राफिक जाम र सुझावहरू जाँच गर्न, अनि अत्यधिक वर्षाको समयमा अनावश्यक यात्रा नगर्न र कुनै पनि आपतकालीन अवस्थामा सहयोगका लागि जिल्ला वा राज्य आपतकालीन सञ्चालन केन्द्रमा सम्पर्क गर्न अपील गर्नुभएको छ। उहाँले भन्नुभएको छ, हाम्रो राज्यमा भारी वर्षाको पूर्वानुमान गरिएको कारण, म तपाईँहरूलाई आफ्नो सुरक्षालाई प्राथमिकता दिन आग्रह गर्दछु।

Sikkim-Kailash Pilgrim: IPR

सिक्किम सरकारले पाँच वर्षको अन्तरालपछि कैलाश मानसरोवर यात्राको आयोजना गर्ने तयारी गरिरहेको छ। यो यात्रा 15 जून, 2025 मा सुरु हुनेछ। सिक्किम सरकारको पर्यटन तथा नागरिक उड्डयन विभागका अतिरिक्त मुख्य सचिव C.S रावले आकाशवाणी गान्तोक समाचारसँगको अन्तर्वार्तामा यस तयारीको विवरण साझा गर्नुभयो। उहाँका अनुसार यात्रालाई सुगम बनाउन गान्तोक र नथुलाबीच जलवायु अनुकूलन केन्द्रहरू स्थापित गरिएका छन्। राज्य सरकारले यात्रीहरूका लागि विस्तृत व्यवस्था गरेको छ। यात्रीहरूलाई मार्ग र यात्रा कार्यक्रमबारे परिचित गराउन पर्यटन विभाग र सिक्किम पर्यटन विकास निगमद्वारा ब्रिफिङ सत्र आयोजन गरिनेछ। यात्रालाई सुचारू र सफल बनाउन राज्य सरकारले मजबुत रसद र सहायता प्रणाली स्थापित गरेको छ।